मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ३ गते आइतबार ❑ 15 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कास्कीमा ५६ अति संवेदनशील ५४ संवेदनशील मतदानस्थल

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन

कास्की जिल्लामा आसन्न निर्वाचनमा ५६ अति संवेदनशील र ५४ संवेदनशील मतदानस्थल रहेका छन् ।

तीनवटा निर्वाचन क्षेत्र रहेको जिल्लामा कुल १५३ मतदानस्थल मध्ये ४३ वटा सामान्य रहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो । निर्वाचन क्षेत्र अन्तर्गत कास्की क्षेत्र नं १ मा अतिसंवेदनशील, संवेदशील र सामान्य गरी क्रमशः १९, २८ र १४ वटा मतदानस्थल छन् भने क्षेत्र नं २ मा अतिसंवेदनशील, संवेदशील र सामान्य गरी क्रमशः सात, आठ र १८ मतदानस्थल छन् । त्यस्तै क्षेत्र नं ३ मा अतिसंवेदनशील, संवेदशील र सामान्य गरी क्रमशः क्रमशः ३०, १८ र ११ मतदानस्थल रहेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी लम्सालका अनुसार मतदानस्थलको भौगोलिक अवस्थिति, भौतिक पूर्वाधारको अवस्थालगायत विषयमा जानकारी लिन स्थलगत रूपमा अनुगमन भइरहेको छ । तीनवटै क्षेत्रमा गरी कूल ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेकामा कूल मतदाता सङ्ख्या तीन लाख आठ हजार ५७२ जना रहेको छ ।

## देशको भविष्य नेपाली कांग्रेससँग जोडिएको छः प्रवक्ता चालिसे

रासस
काठमाडौं, २ फागुन

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले देशको भविष्य कांग्रेससँग जोडिएको बताउनुभएको छ। उहाँले नेपाली कांग्रेस जिम्मेवार लोकतान्त्रिक राजनीतिक पार्टी भएकाले जनताको आदेशलाई शिरोधार्य गर्ने बताउनुभएको छ।

प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा जानकारी दिन नेपाली कांग्रेसले आज पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा सञ्चारकर्मीलाई जानकारी दिनुहुँदै प्रवक्ता चालिसेले पार्टीले वर्तमानको समीक्षा गर्दै भरपर्दो भविष्य लिएर जनतामा जाने बताउनुभयो । "सुधारिएको देश र जनमैत्री प्रशासनका विषयवस्तु नै प्रचारप्रसारका विषय हुनेछन्, सामाजिक सञ्जालमा पोखिने आक्रोश र मतपत्रमा लगाइने छापमा फरक हुन्छ," उहाँले भन्नुभयो । प्रवक्ता चालिसेले सुधारिएको कांग्रेसबाट जनताले गरेको अपेक्षालाई कसरी सम्बोधन गर्दै सच्चिनु र सुध्रिनु पर्छ भनेर पार्टीले धारणा बुझ्ने प्रयास गरिरहेको बताउनुभयो । प्रचारप्रसारका गतिविधिबारे नियमित रूपमा जानकारी गराइने उल्लेख गर्दै उहाँले पार्टीको विषयमा विचार-विमर्श गर्दै जाने बताउनुभयो । यही फागुन ६ गते जनकपुरमा पार्टीले जनसभा आयोजना गर्ने प्रवक्ता चालिसेले जानकारी दिनुभयो । कांग्रेससँगका अपेक्षा बुझ्न डबली कार्यक्रममार्फत कार्यक्रम सञ्चालन गरिरहेको उहाँको भनाइ थियो। प्रवक्ता चालिसेले निर्वाचन आयोगले जारी गरेको आचारसंहिताप्रति नेपाली कांग्रेसको उच्च सम्मान रहेको उल्लेख गर्दै प्रचारप्रसारका गतिविधि विवेकपूर्ण हुने र जनताको घरदैलोमा सम्मानजनक तरिकाले उपस्थित हुने बताउनुभयो । कांग्रेसका उम्मेदवार घरदैलोमा पुग्दा आम कार्यकर्ता र जनतामा आएको उत्साहले हौसला र प्रेरणा मिलिरहेको भन्दै उहाँले देशभर ठूलो सङ्ख्यामा कांग्रेस प्रवेश गर्ने लहर बढ्दै गएको बताउनुभयो ।

प्रवक्ता चालिसेले लोकतन्त्रको संरक्षण र व्यवस्थाको रक्षाका लागि पार्टीका सबै तहका नेता तथा कार्यकर्ताका साथै आम नागरिकको संलग्नता जरुरी भएको बताउनुभयो।

## राप्रपाको सङ्कल्प पत्रः 'अबको गन्तव्यः सबल, समृद्ध र समुन्नत नेपाल' बनाउने

रासस
काठमाडौं, २ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सङ्कल्प पत्र सार्वजनिक गरेको छ।

धुम्बाराहीस्थित केन्द्रीय कार्यालयमा शनिबार आयोजित कार्यक्रममा पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले सङ्कल्प पत्र सार्वजनिक गर्नुभएको हो। 'अबको गन्तव्यः सबल, समृद्ध र समुन्नत नेपाल' भन्ने दीर्घकालीन सोचसहित राजनीतिक स्थिरता, सुशासन, नयाँ चरणको आर्थिक सुधार र सामाजिक न्यायसहितको समृद्धिका विषय सङ्कल्प गरिएको छ । सङ्कल्प पत्रमा पार्टीको दृष्टिकोण, राजनीतिक स्थायित्व, सुशासन र पारदर्शी प्रशासनबारे प्रस्ट पार्दै पुँजी निर्माण, दिगो विकास, शिक्षा, स्वास्थ्यमा निःशुल्क पहुँच, सामाजिक सुरक्षा, युवा केन्द्रित उत्पादनमुखी र रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ । पार्टीका नेता राजाराम श्रेष्ठका अनुसार देशलाई विसं २०८७ सम्म मध्यम आयस्तर भएको राष्ट्रका रूपमा विकास गर्ने मार्गचित्र समावेश गरिएको छ। पार्टीले पृथ्वीपथलाई अवलम्बन गर्ने सङ्कल्प गर्दै शिक्षा, स्वास्थ्य र गरिबी न्यूनीकरण, प्रविधिको विकास र विस्तार रणनीतिक दिगो पूर्वाधार, दिगो सहर तथा बस्ती विकास, रोजगारमूलक उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्रभावकारी सेवा प्रवाहका योजना अगाडि सारेको छ । राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक धार्मिक सांस्कृतिक सम्पदाको संरक्षण, राष्ट्रिय सुरक्षाको मूल नीति बनाइने उल्लेख गरिएको पत्रमा जलस्रोत, पर्यटन, कृषि, सूचना प्रविधि, विदेशमा बस्ने नेपालीको सीप तथा पुँजी, निजी क्षेत्रको सहभागितामा देशको समग्र अर्थतन्त्रको जिडिपीमा ८२ प्रतिशत, पुँजी निर्माणमा ७७ प्रतिशत योगदान पुऱ्याउने लक्ष्य राखिएको छ । स्थानीय र केन्द्रीय दुई तहको शासकीय संरचना, सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दू राष्ट्र कायम गर्ने प्रतिबद्धता जनाइएको छ।

## ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रका एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आजसम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। शुक्रबारसम्म ६३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । आज थप तीन जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ। अब ११ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको छ। काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ गर्न सकिने छ। अनुमान गरिएको जनाइएको छ । छापिएका जति जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको छ। हालसम्म १६ हजार ४९४ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ । गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो। कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाइयो मतपत्र छपाइ भएको मतपत्र आजैदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ। आयोगले आज कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताउनुभयो।

## २० औँ सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका जुलियसलाई

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन




पोखरामा शनिबार सम्पन्न २०औँ संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याली धावक जुलियस मुरियूकी वाहोमले जित्नु भएको छ। गत वर्षका उपविजेता जुलियसले ४२.१९५ किलोमिटर दूरी २ घण्टा २३ मिनेट ३९ सेकेण्डमा पूरा गरी उपाधि सहित नगद ४ लाख रुपैया हात पार्न सफल हुनु भयो।

त्यसै गरी प्रतियोगितामा नेपाल (डिटुङ) का गजेन्द्र राईले निर्धारित दुरी २ घण्टा २४ मिनेट ४७ सेकेण्डमा दूरी पूरा गर्दै दोस्रो हुनु भयो। उहाँले नगद २ लाख र मेडल प्राप्त गर्नुभयो। धादिङका हरिकुमार रिमालले निर्धारित दुरी २ घण्टा २७ मिनेट १८ सेकेण्डमा पार गर्दै तेस्रो हुँदै नगद रु १ लाख रुपैयाको साथमा मेडल हात पार्न सफल हुनुभयो । नेपाल तर्फको म्याराथनमा गजेन्द्र राई प्रथम, हरिकुमार रिमाल दोस्रो र करण रावल तेस्रो बन्न सफल हुनुभयो। उहाँहरूले क्रमशः नगद रु १ लाख, ५० हजार र २५ हजार पुरस्कार प्राप्त गर्नु भएको छ।

त्यसै गरी गण्डकी प्रदेशतर्फ पर्वतका सुवास गुरुङ प्रथम, गोर्खाका निरोज भट्ट क्षेत्री दोस्रो र स्याङजाका धनु मानन्धर तेस्रो हुनुभयो। उहाँहरूले क्रमशः रु ५० हजार, ३० हजार र २० हजार नगद प्राप्त गर्नुभयो । ४५ वर्षमाथिको भेट्रान म्याराथनतर्फ राइवतबहादुर दाहाल प्रथम, सुशीलकुमार श्रेष्ठ दोस्रो र चेतनाथ चालिसे तेस्रो हुनुभयो। उहाँहरूले क्रमशः रु २५ हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गर्नुभयो । २१ किलोमिटर दौड पुरुषतर्फ सञ्जय श्रेष्ठ प्रथम, नगेन्द्रसिंह राउत दोस्रो र गौतम श्रेष्ठ तेस्रो हुनुभयो। महिलातर्फ सन्तोषी श्रेष्ठ प्रथम, निशा सार्की दोस्रो र राज्यलक्ष्मी रावल तेस्रो हुनुभयो। दुवै विधामा प्रथम, दोस्रो र तेस्रो हुनेले क्रमशः रु ७५ हजार, ५० हजार र ३० हजार नगद पुरस्कार प्राप्त गर्नुभयो। हाफ म्याराथन (२१ किमी) कै ४५ वर्षमाथिको भेट्रान पुरुषतर्फ धर्म महर्जन प्रथम, तेजबहादुर गुरुङ दोस्रो र कमल गुरुङ तेस्रो हुनुभयो । त्यसै गरी १० किलोमिटर दौडमा पुरुषतर्फ नागेश्वर अहिर प्रथम, उमेश विष्ट दोस्रो र महेन्द्रबहादुर बोगटी तेस्रो हुनुभयो । महिलातर्फ दीपा परियार प्रथम, सुमित्रा कुमारी चौधरी दोस्रो र नारायणी भण्डारी तेस्रो हुनुभयो। उहाँहरूले क्रमशः रु ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार प्राप्त गर्नुभयो । त्यस्तै ५ किलोमिटर दौड छात्रतर्फ रोसनकुमार माझी प्रथम, रुपेशकुमार माझी दोस्रो र सगुन लामिछाने तेस्रो हुनुभयो। सोहि इभेण्टमा छात्रातर्फ एञ्जिला जिटी प्रथम, साधना परियार दोस्रो र अनुषा बुढा तेस्रो हुनुभयो। १७ बर्षदेखि ४९ बर्ष उमेर समुहको खुल्ला पुरुषतर्फ सन्तोषनाथ योगी प्रथम, बादल कार्की दोस्रो र तुलबहादुर झेण्डी तेस्रो हुनुभयो। सोहि इभेण्टमा खुल्ला महिलातर्फ टीका खड्का प्रथम, दृष्टि आले दोस्रो र पूर्णकाश गुरुङ तेस्रो हुनुभयो। ५० बर्ष माथि ५ किमी दौडमा पुरुषतर्फ राजु भण्डारी प्रथम, किशोर थापा दोस्रो र आईलाल शाही तेस्रो हुनुभयो। ४५ बर्ष माथि महिलातर्फ टोलमाया थापा प्रथम, जगनसुबा गुरुङ दोस्रो र विष्णु ठकुरी तेस्रो हुनुभयो। त्यस्तै कर्पोरेट पुरुषतर्फ सुशान थापा प्रथम, दीवेश रिजाल दोस्रो र राजु गुरुङ तेस्रो हुनुभयो। कर्पोरेट महिलातर्फ पवित्रा सुवेदी प्रथम, खड्कदेवी बास्तोला दोस्रो र विनुता पाण्डे तेस्रो हुनुभयो। ५ किलोमिटर र भेट्रानतर्फ विजेता हुने प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्नेले जनही क्रमशः रु १० हजार, ७ हजार र ५ हजार नगद पुरस्कार प्राप्त गर्नुभयो।

यस वर्षको म्याराथनमा २१ देशका ३ हजार ५ सय ६ जना धावक सहभागि भएको नेपाल भूतपूर्व खेलाडी मञ्चले जनाएको छ । प्रतियोगिताले पोखरालाई खेलकुद पर्यटन प्रबर्द्धनमा टेवा पुगेको मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले जनाउनु भयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आयोजक सहारा क्लव आहा ! रारा पोखरा गोल्डकपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

आहा रारा पोखरा गोल्ड कपमा सर्वाधिक सफलता हासिल गरेको नेपाल पुलिस फुटवल क्लवलाई सडेन डेथको सिकार बनाउदनै आयोजक सहारा क्लव २५ औं आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को सेमिफाइनलमा प्रबेश गरेको छ । पोखरा रंगशालाको फुटबल मैदानमा शनिबार भएको पहिलो क्वाटरफाइनल खेलमा सहाराले आहा रारा पोखरा गोल्ड कपमा ६ पटकको विजेता पुलिसलाई सडेन डेथमा (६–५ को टाईब्रेकरको सडेन डेथमा) पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो ।

सहारा र पुलिस बिचको खेल निर्धारित ९० मिनेटको समयमा दुबै तर्फ एक/एक, थपिएको अतिरिक्त समय (३० मिनेट) मा दुबै तर्फ गोल हुन नसके पछि टाईब्रेकरमा पनि दुबै तर्फ ४/४ गोलले खेल बराबरीमा पुगेपछि पहिलो सडेन डेथमा पनि दुबै तर्फ एक/एक गोल भई दोश्रो सडेन डेथमा सहाराले जित हासिल गरेको हो । सहारा क्लवले एक पटक मात्र उपाधि जितेको छ ।

पुलिसका धिरेन्द्र शाहले प्रहार गरेको सडेन डेथको पेनाल्टी सुट सहाराका गोलरक्षक टिकेन्द्र थापाले उत्कृष्ट बचाउ गर्नु भयो । सडेन डेथमा सहाराका टायडेनियल बदरुले गोल गर्नु भयो । खेलको ४९ औं मिनेटमा पुलिसका कप्तान राम वाजीले एक गोल गर्नु भयो भने सहाराका टायडेनियल बदरुले खेलको ६१ औं मिनेटमा एक गोल गरी खेल बराबरमा पुर्‍याउनु भयो ।

पहिलो सडेन डेथमा प्रहरीका जोन विष्ट र सहाराका प्रशन्न श्रेष्ठले पेनाल्टी सुटमा गोल गर्नु भएको थियो । टाईब्रेकरमा सहाराका तर्फबाट विक्की चाम्लिङ राई, भगत चौधरी, सिसस थापा, विनय तामाङको पेनाल्टी सुट गोलमा परिणत भएको थियो । त्यसैगरी, पुलिसका लागि नीरज खड्का, दशरथ गिरी, वैकल्पिक गोलकीपर अमीत टमाटा र सञ्जीव लामाले गोल गरेका थिए ।

पुलिसका राम वाजीले प्रहार गरेको पेनाल्टी सुट उत्कृष्ट बचाउ गर्नु भएको सहाराका गोलरक्षक टिकेन्द्र थापाले प्रहार गरेको पेनाल्टी सुट पोष्ट नजिकैबाट बाहिरिएको थियो । शनिबारको खेलमा म्यान अफ दी म्याच सहाराका गोलरक्षक टिकेन्द्र थापा घोषित हुनु भयो । उहाँलाई गोर्खा मिडियाका संचालक तथा फोटोपत्रकार मिलन तमुले ट्रफी समेत प्रदान गर्नुभयो । शनिबार अन्य दिनको तुलनामा केही उत्साहजनक दर्शकको सहभागिता रहेको थियो । सोमबार हुने मनाङ मर्स्याङ्दी क्लव र थन्डरवोल्ट नर्थ यूनाइटेड बिचको तेश्रो क्वाटरफाइनलको विजेता टिमसंग सहारा क्लव सेमिफाइनलमा भिड्ने भएको छ । सहाराका प्रशिक्षक सुनिल रानाले आफुले ३ बर्षदेखि उक्त टिम हेर्दै आए पनि दुई बर्षसम्म प्रहरी आफुहरुको बादक रहेको अबस्थामा यस बर्ष जित निकाल्नु ठुलो उपलब्धी भएको बताउनु हुन्छ । पुलिसका प्रशिक्षक चेतन घिमिरेले आफुहरुले राम्रो खेल्दाखेल्दै सडेन डेथमै हार व्यहोर्नु परेको बताउनु भयो । सहाराको टिम यस पाली केही मजबुद भएको उहाँको भनाई छ । यसैबिच, भोलि आइतबार दोश्रो क्वाटरफाइनल खेलमा चर्च व्वाईज यूनाइटेड र जावलाखेल युथ क्लव बिच खेल हुने प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो ।



तातोपानी कुण्डमा स्नान गर्नेको घुइँचोःम्याग्दीको बेनी नगरपालिका-४ सिँगास्थित प्राकृतिक तातोपानीको कुण्डमा शनिबार स्नान गर्दै सर्वसाधारण । पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ । तस्बिर ः राम थापा

# प्रगति स्कुलमा साहित्य उत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

प्रगति साहित्य उत्सव सम्पन्न भएको छ। पोखराको बाटुलेचौरमा रहेको प्रगति माध्यमिक विद्यालयले माघ २४ गतेबाट विद्यालय परिसरमा आयोजना गरेको साहित्य उत्सव शुक्रबार सम्पन्न भएको हो ।




साहित्य, संस्कृति र सिर्जनशीलताको विषयलाई विद्यार्थी र अभिभावकका बिचमा पुर्याउने उद्धेश्य अनुरुप सप्ताहव्यापी रुपमा कार्यक्रम गरिएको कवि एवं विद्यालयका निर्देशक दिनेश श्रेष्ठले जानकारी दिए । सिनियर र जुनियर गरी दुई सेसनमा गरिएको कार्यक्रममा प्रारम्भिक वाल्यकाल विकास सेसनमा पिताम्वर न्यौपानेसँग अरुणा बरालले संवाद गरिन् ।साहित्यकार अनुराधा शर्मासँगको विद्यार्थी अर्न्तक्रियामा यमुना गुरुङले सहजीकरण गरिन् । बालबालिकामा मानसिक समस्याको विषयमा डा.फणिन्द्रप्रसाद पौडेलले प्रवचन दिए। सो सेसनको सहजिकरण पुष्प पौडेलले गरेका थिए । समापनको दिन शुक्रबार किन र कसरी पढ्ने विषयमा कवि तीर्थ श्रेष्ठले आफ्ना अनुभव विद्यार्थीलाई सुनाएका छन् । उक्त सेसनमा अनिता बस्नेतले विद्यार्थीहरुमा अध्ययन गर्दा देखिने समस्या र यसलाई नियन्त्रणका लागि अवलम्बन गरिनुपर्ने उपायहरुको बारेमा कवि श्रेष्ठसंग सम्वाद गरेकी थिईन ।

महोत्सवको अर्को सेसनमा विद्यार्थीको प्रतिभा प्रष्फुटन समेत भएको थियो जसमा अभिनेता एवं रंगकर्मि प्रकाश घिमिरेले कला र अभिनयका विषयमा जानकारी दिएका थिए । कवि सरुभक्तका बाल साहित्यका विषयमा मीना भण्डारीले सहजिकरण गर्दै, साहित्यकार सरुभक्तसँग प्रश्नोत्तर गरिएको थियो । त्यस अवसरमा सरुभक्तले बाल साहित्य लेखनका विषयमा अनुभव सुनाएका थिए । साहित्यको अर्थ, धैर्य र पुस्तान्तरणीय मूल्यबारे बहस गरेका थिए । नाट्यकर्मि प्रकाश घिमिरे र परिवर्तनसँग राजु थापाले प्यालन छलफल गर्दै कक्षा कोठादेखि रंगमञ्चसम्म जीवनका अनुभुतिहरु पस्किए । दीनेश अर्यालले सहजिकरण गरेको शिक्षा र यससँग सम्बन्धित बिषयमा प्राध्यापक डाक्टर कपिल अधिकारीले विद्वत प्रवचन दिए । कार्यक्रममा विभिन्न सेसनअन्तर्गत साहित्यिक विचार विमर्श, कविता वाचनसहित विभिन्न लोक नृत्य प्रस्तुत गरिएको विद्यालयका सुचना अधिकारी जयराम पौडेलले जानकारी दिए ।साहित्य उत्सवको समापन गर्दै साहित्यकार सरुभक्तले साहित्य सिर्जना अन्तस्कंरणको उपज भएको बताए। प्रधानाध्यापक महेन्द्र थापाले साहित्य उत्सवले विद्यार्थीको प्रतिभा प्रस्फुटन सहित उनीहरुले साहित्य र रंगमञ्चका विविध आयामको बारेमा थाहा पाउन उपयोगी भएको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सुमन कार्की र विनया शर्माले गरेका थिए ।सुचना अधिकारी पौडेलका अनुसार विद्यालयले विद्यार्थीहरुका प्रतिभालाई हरेक महिना कक्षागत रुपमा प्रस्तुत गरि अभिभावकहरुलाइ अवलोकन गराउने र बार्षिक उत्सब विधागत रुपमा फरक प्रकारका सृजनात्मक कार्यक्रम गरि मनाउने योजना निर्माण गरेको छ । कार्यक्रममा विद्यार्थीले निर्माण गरेका चित्रकला , हस्तकलाका सामाग्रीहरु र शैक्षिक सामाग्रीहरु समेत प्रदर्शन गरिएको थियो । विद्यालयको ३६ औं बार्षिकोत्सवको अवसरमा साताव्यापी साहित्य उत्सव गरिएको हो । अघिल्लो बर्ष विद्यालयले नाटक महोत्सव गरेको थियो ।

# फोटो पत्रकार अक्षयकोषमा सहारा क्लब हङकङका अध्यक्षको १५ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा सहारा क्लब हङकङका अध्यक्ष सरोज गुरुङ (खम) ले आर्थिक सहयोग गरेका छन् ।

नेपाल (लमजुङ) जन्मिएर कर्मथलो हङकङलाई बनाएका गुरुङले अक्षयकोषका लागि नगद १५ हजार रुपैयाँ सहयोग गरेका हुन् । सहारा क्लब पोखराले सञ्चालन गरेको आराारारा पोखरा गोल्डकपमा सहभागी भएको समयमा शुक्रबार गुरुङले नेपाल फोटो पत्रकार संघ, कास्कीका सचिव धनबहादुर गुरुङलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।



लमजुङ सेवा समिति हङकङका निवर्तमान अध्यक्ष समेत रहेका गुरुङ आहारारा पोखरा गोल्डकपका लागि नेपाल आएका हुन् । नेपाल आएको समयमा उनले विभिन्न ठाउँमा सामाजिक सेवा पनि गरिरहेका छन् ।

सहयोग ग्रहण पछि एनपिजेए कास्कीका सचिव गुरुङले अक्षयकोष दातालाई धन्यवाद दिदैं यस्तै सहयोगले कोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताए। उक्त रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने उनको भनाइ थियो । कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ । अक्षयकोषमा यसभन्दा अघि सामाजिक अभियान्ता सरिता गुरुङले १५ हजार, नागरिक अभियान्ता रामबहादुर पौडेलले १० हजार, चलचित्र निर्माता एवं अभिनेत्री माया गुरुङले ११ हजार १११, सल्लाहकार रमेश पौडेलले ५ हजार, अध्यक्ष राम गुरुङले १० हजार, सदस्य सञ्जय शाक्यले १० हजार रुपैयाँ सहयोग गरिसकेका छन् ।

# फेवातालमा कार खस्दा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

पोखरामा शनिबार बिहान भएको सवारी दुर्घटनामा परेर एक युवकको मृत्यु भएको छ ।

पोखरा महानगरपालिका-६ पामेस्थित गैराको चौतरा नजिक बिहान अन्दाजी २:१० बजेको समयमा विएए १५८२ नम्बरको कार फेवातालमा खसेर दुर्घटना भएको थियो ।

घटनामा स्याङ्जा फेदीखोला गाउँपालिका-५ घर भई हाल पोखरा-७ मासबार बस्ने कारका चालक २४ वर्षीय अदित गुरुङको मृत्यु भएको सशस्त्र प्रहरी बल कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिनुभयो । कार चालकले नियन्त्रण गुमाइ कार तालमा खसेर दुर्घटना भएको खबरपछि सशस्त्र प्रहरी उपरीक्षक सिंहको कमाण्डमा कालिका गणबाट खोताखोर सहितको २१ जनाको प्रहरी टोली उद्धारका लागि खटिएको थियो ।

गोताखोर टोलीले अचेत अवस्थामा चाकलाई ताल बाहिर निकाली थप उपचारको लागि गण्डकी मेडिकल कलेजमा लगेकामा अस्पतालले मृत घोषणा गरेको सशस्त्र प्रहरी बलले जनाएको छ । प्रहरीले क्रेनको सहायताले सवारीसाधन घटनास्थलबाट बाहिर निकाली थप अनुसन्धानको लागि वडा प्रहरी कार्यालय बैदाम लगेको जनाएको छ ।

# आम्दानीको स्रोत बन्यो अटोरिक्सा : मासिक ४० हजार आम्दानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ फागुन

म्याग्दीमा अटोरिक्सा चलाउने व्यवसाय आम्दानीको बलियो माध्यम बनेको छ । बेनी नगरपालिकाभित्र अटोरिक्सा चलाएर यहाँका ३० जना युवाले मासिक रु ४० हजारभन्दा बढी आम्दानी गरिरहेका छन् ।

पछिल्लो समय अटोरिक्सा व्यवसाय बेरोजगारका लागि आम्दानीको स्रोत बन्दै गएपछि बेरोजगार युवाको ध्यान अटोरिक्सातिर आकर्षित भएको बेनीबजारका व्यवसायी शिव रेग्मीले बताउनुभयो । अटो रिक्सा चलाएर राम्रो आम्दानी हुने गरेको अटो चालक सुमन रिजाल बताउनुहुन्छ। बेनी नगरपालिका-२ बगरफाँटका रिजालले अटोरिक्सा चलाएर मासिक ४० देखि ४५ हजारसम्म आम्दानी गर्दै आएको बताउनुभयो । विदेश गएर अरुको देशमा श्रम गर्नुभन्दा आफ्नै देशमा बसेर केही गर्नुपर्छ भन्ने मनसायले अटो व्यवसायमा लागेको उहाँको भनाइ छ । अटो चलाएर प्राप्त हुने आम्दानीबाट उहाँ सन्तुष्ट हुनुहुन्छ । "मैले बेनी बजार र नगरपालिका क्षेत्रमा अटोरिक्सा चलाउँदै आएको छु, दैनिक दुई हजार पाँच सयदेखि तीन हजार कमाइ हुन्छ", उहाँले भन्नुभयो, "सबै खर्च कटाएर दैनिक एक हजार ५०० बचत हुन्छ, यसमा धेरै खर्च पनि हुँदैन, यसमै सन्तुष्ट छु ।" तीन वर्षअघि रु तीन लाख ८० हजारमा अटोरिक्सा किन्नुभएका बेनी नगरपालिका-२ फापरखेतका कालु सापकोटा पनि यसबाट प्राप्त हुने कमाइले सन्तुष्ट हुनुहुन्छ । सेवा पनि हुने र फाइदा पनि हुने यो व्यवसायप्रति पछिल्लो समय युवाहरूको आकर्षण बढेकाले अहिले अटोरिक्सा धेरै हुँदा पहिलाको तुलनामा कमाइ घटेको भए पनि अरु व्यवसायमा भन्दा राम्रै रहेको उहाँको भनाइ छ। "सुरुसुरुमा अटोरिक्सा कमै थिए, दैनिक तीन हजार ५०० देखि पाँच हजारसम्म पनि कमाइ हुन्थ्यौं", उहाँले भन्नुभयो, "अहिले पनि कमाइ राम्रै छ, आम्दानीको अन्य स्रोत केही छैन, घरखर्च र अन्य भइपरि आउने खर्च यसैबाट चलेको छ, अलिअलि बचत पनि भएकै छ, अटो रिक्सा चलाएर स्वरोजगार बनिएको छ ।"



अर्का अटो चालक वसन्त रेग्मीले पनि अटो चलाएर राम्रो आम्दानी गर्नुभएको छ। मासिकरूपमा ३० हजार बढी बचत गर्न सफल रेग्मी वैदेशिक रोजगारीबाट फर्केर अटोरिक्सा चलाउन थाल्नुभएको हो । उहाँले भन्नुभयो, "घरमै बसेर काम गर्न पाइएको छ, धेरै कष्ट पनि गर्नुपरेको छैन, यसैमा सन्तुष्ट छु ।" जागिर खाने उमेर गएका, विदेश जान नसक्ने, रोजगारीको सम्भावना नभएकालाई अटोरिक्सा व्यवसाय एकदमै राम्रो भएको उहाँको भनाइ छ।

बेनी नगरपालिकाले नगरपालिकाका १० वटा वडाभित्र सञ्चालन गर्न पाउनेगरी अनुदानमा समेत अटोरिक्सा वितरण गरेपछि यहाँ अटो चल्न सुरु गरेको हो । पहाडी भूगोल भए पनि कालोपत्र भएको सडकभित्र अटोरिक्सा सञ्चालन भएका छन् । नगरपालिका क्षेत्रभित्र ३० वटा अटो सञ्चालन हुनेगरेका बेनी नगरपालिकाले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# राष्ट्रिय सभालाई कम महत्व नदिऔं

स्थायी संसदको रुपमा रहेको राष्ट्रियसभाको १९औं अधिवेशन शुक्रबार रातिदेखि अन्त्य भएको छ।जेनजी आन्दोलनपछि बसेको राष्ट्रिय सभाको अधिवेशनले जनताको ध्यान तान्न नसकेपनि महत्त्वपूर्ण काम गर्न सफल भएको छ । प्रतिनिधिसभा विघटन भएर चुनावमा होमिएको बेला आव्हान भएको अधिवेशनको शुरुमै तीन जना सांसदहरूले राजिनामा दिएर महत्त्व घटाउने काम गरेका छन।हुनत अबधि सकिन लागेका नेकपाका दुईजना बरिस्ठ नेता वामदेव गौतम र नारायण काजी श्रेष्ठले राजिनामा दिएर प्रतिनिधिसभा सदस्य चुनावी मोर्चामा भिडेका हुन।नारायण काजीले सर्लाहीबाट उमेदवार बनेका छन।वामदेवले टिकट पाउन सकेनन।दुवैजना प्रतिनिधिसभा निर्वाचनमा पराजय भएपनि तत्कालीन बेला नेकपाका बरिस्ठ नेता भएका कारण राष्ट्रिय सभा प्रवेश सहज भएको थियो । एमालेका भगवती न्यौपाने पनि मेयरमा पराजय भएपनि राष्ट्रिय सभामा पुग्न सफल भइन।अहिले तनहुँबाट प्रतिनिधिसभा सदस्य उमेदवार छन।राष्ट्रिय सभामा पुगेकाहरु पद सकिन लाग्दा प्रतिनिधिसभामा जान चाहनु पदविना बस्न नसक्नु हो।राष्ट्रिय सभालाई कम महत्त्वको बनाउन खोज्नु हो ।

राष्ट्रिय सभाको अधिवेशन समयका हिसाबले निकै छोटो तर कामका हिसाबले महत्त्वपूर्ण नै मान्नुपर्छ । राष्ट्रियसभाको १९औं अधिवेशनको पहिलो बैठक गत माघ ४ गते बसेको थियो । जम्मा २७ दिन चालु रहेको यो अधिवेशनमा नौवटा बैठक बसी १७ घण्टा २५ मिनेट समयसभाका काममा व्यतीत गरेको छ । यो अधिवेशनमा सात वटा बैठकका शून्य समयमा २९ जना सदस्यले ४८ मिनेट र तीन वटा बैठकका विशेष समयमा १५ जना सदस्यले तीन घण्टा ३९ मिनेट समय उपयोग गरेका छन । यो अधिवेशनमा एउटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो ।

राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालका अनुसार यो अधिवेशनमा 'अभौतिक प्राकृतिक सम्पदा संरक्षण विधेयक २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने पर्यटन विधेयक २०८१, चलचित्र विधेयक २०८१ र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला स्थापना, सञ्चालन विधेयक २०८१ लाई पारित गरी प्रतिनिधिसभामा पठाइएको छ । यसबीचमा सरकारले सामाजिक सञ्जाल विधेयक २०८१ फिर्ता लिएको छ । नियमन गर्नुपर्ने आशय देखेको सरकारले सामाजिक संजाललाई असभ्य गाली गलौज र मिथ्या सूचना प्रबाह गर्ने थलो बनाउन खोजेको छ।यसबारेमा विज्ञ र अन्तर्राष्ट्रिय अभ्यास बारे छलफल हुनुपर्ने थियो ।यसमा राष्ट्रिय सभाले सक्रियता देखाउन सकेन ।

त्यस्तै, मतदाता नामावली ऐन २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश २०८२, प्रतिनिधिसभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश २०८२ र नेपाल विशेष सभा ऐन दोस्रो संशोधन अध्यादेश सभामा पेस भई सर्वसम्मत स्वीकृत भइसकेको छ । सरकारलाई संसद्प्रति जबाफदेही बनाउन कानुन, न्याय तथा संसदीय मामिला, सङ्घीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम सञ्चालन भएको राम्रो हो । समयका हिसाबले छोटो समय चले पनि केही काम गर्न सकेको छ। राजनीतिक अन्योलताका बीच बैठक बसेर फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष हुनुपर्ने धारणा राख्ने र सुरक्षा संयन्त्रलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्न पनि सांसदहरूले सरकारको ध्यानाकर्षण गराउनु सकारात्मक कदम हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# माटोको ढिस्कोले पुरिएर एक जना मजदुरको मृत्यु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ फागुन

म्याग्दीको मङ्गला गाउँपालिका-२ सल्यानमा आज माटोको ढिस्कोले पुरिएर एक जना मजदुरको मृत्यु भएको छ।

बाबियाचौर-सल्यान सडकखण्डको ग्याबियन पर्खाल लगाउने क्रममा ढिस्को खसेर पुरिएका रोल्पाको सुनछहरी गाउँपालिका-२ का २८ वर्षीय सत बुढामगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर तिमिल्सिनाका अनुसार प्रदेश अस्पताल बेनीमा उपचारका क्रममा बुढाको मृत्यु भएको हो । बुढासँगै ढिस्कोले पुरिएका रोल्पाको सुनछहरी-२ का टेकवीर बुढामगर र केशमान बुढामगरलाई उद्धार गरी उपचारका लागि प्रदेश अस्पताल बेनीमा ल्याइएको उहाँले जानकारी दिनुभयो । टेकवीर र केशमान उपचारपछि अस्पतालबाट 'डिस्चार्ज' भएका र मृतक सत बुढाको शव प्रदेश अस्पतालको शवगृहमा परीक्षणका लागि राखिएको प्रहरी निरीक्षक तिमिल्सिनाले बताउनुभयो । आज दिउँसो करिब १:०० बजेको समयमा काम गरिरहेको अवस्थामा एक्कासि माटोको ढिस्को खसेर उहाँहरूलाई पुरेको थियो ।

# विद्यालय भ्यान दुर्घटनाका घाइतेमध्ये थप एकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २ फागुन

बागलुङ नगरपालिका-३ हाडेपाखामा भएको भ्यान दुर्घटनामा घाइते भएका सुजल छन्त्यालको उपचारका क्रममा मृत्यु भएको छ।

छन्त्यालसँगै बिहीबार भएको दुर्घटनामा मृत्यु हुने विद्यार्थीको सङ्ख्या दुई पुगेको छ।

दुर्घटनामा गम्भीर घाइते भएका १३ वर्षीय सुजललाई धौलागिरि अस्पताल बागलुङमा उपचारपछि थप उपचारका लागि पोखरा लगिएकामा आज गण्डकी अस्पताल पोखरामा मृत्यु भएको हो । दुर्घटनाका घाइते अमन बोहोराको बिहीबार नै धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा उपचारका क्रममा मृत्यु भएको धौलागिरि प्रादेशिक अस्पताल बागलुङका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट किरण तिवारीले जानकारी दिनुभयो ।

दुर्घटनामा २६ जना घाइते भएका थिए । धौलागिरि प्रादेशिक अस्पतालमा उपचाररत १४ जनामध्ये १२ जना उपचारपछि घर फर्किएको र दुई जनाको उपचार भइरहेको तिवारीले बताउनुभयो । अन्य आठ जनाको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भइरहेको छ।

# छत्तिसेघाटमा मोटरेबल पुल निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, २ फागुन

जिल्लाका सडकलाई वर्षभरी नै सञ्चालन गर्नका लागि खोलामा मोटरेबल पुल निर्माण तीव्रगतिमा भइरहेको छ।

पूर्वाधार विकास कार्यालय पर्वतका अनुसार पैंयु गाउँपालिकाको सरौखोला स्थित छत्तिसेघाट, कुश्मा नगरपालिका र फलेवास नगरपालिकाको सिमानामा रहेको मल्याङ्दीखोला र परादी- गिज्यान सडकअन्तर्गत मोदीखोलामा मोटरेवल पुल निर्माण भइरहेको छ।

तीन वटा पुलमध्ये दक्षिण पर्वतको पैंयु गाउँपालिकामा पर्ने सरौ-बालाकोट सडक खण्डअन्तर्गत छत्तिसेघाट मोटरेवल पुल निर्माण सम्पन्न भएको छ।

विसं २०८० कात्तिकदेखि निर्माण सुरु भएको पुल हालै सञ्चालनमा आएको हो । पच्चीस मिटर लामो उक्त पुल रु चार करोड ४३ लाख लागतमा निर्माण भएको पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार यो पुल निर्माणको जिम्मा कस्तुरी कन्स्ट्रक्सनले पाएको थियो ।

वर्षायाममा सरौखोलामा आउने ठूलो बाढीका कारण पैंयु गाउँपलिकाको सरौखोला र महाशिला गाउँपालिकाको होश्राङ्दी, भोक्सिस्ङ र बालाकोटका नागरिकले समस्या भोग्दै आएका थिए। पुल निर्माणपछि बाह्रैमास सहज रुपमा उक्त सडक सञ्चालनका लागि सहज भएको पैंयुँ गाउँपालिकाका पूर्वअध्यक्ष खगेन्द्र तिवारीले जानकारी दिनुभयो । बजेट अभाव, राजनीतिक अस्थिरतालगायतका कारणले निर्धारित समयभन्दा केही ढिलो गरी पुल सम्पन्न भएको हो । हिउँदका याममा खोलाबाटै सानाठूला सवारी साधन सञ्चालन हुने गरेपनि बर्षायाममा भने सडक ठप्प हुने गरेको थियो। मोटरसाइकल, साइकल जस्ता सवारी साधन धने बस्तीभन्दा माथि रहेको झोलुङ्गे पुलवाट वारपार गर्दै आएका थिए । पुल सम्पन्न भएसँगै स्थानीय हर्षित बनेका छन् ।

लुंखु-हुवास सडकको बैकिल्पकमार्गका रुपमा रहेको सरौ-होश्राङ्दी-बालाकोट सडक अब बाह्रै महिना सञ्चालन हुने भएकाले विशेषगरी सरौखोलाको उपल्लो भेग, बालाकोट, होश्राङदीका बासिन्दालाई पैंयू गाउँपालिको केन्द्र हुवास हुँदै स्याङजा, पाल्पा, बुटवल जानका लागि सहज भएको पैंयू गाउँपालिका-६ सरौखोलाका अध्यक्ष गङ्गाधर अधिकारीले जानकारी दिनुभयो ।

# स्व.लक्ष्मी सुन्दरी कर्माचार्यको स्मृतिमा मृगौला पिडितलाई एक लाख सहयोग हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



पोखरेली व्यवसायी घराना कर्माचार्य ग्रुपद्धारा स्थापित स्व.लक्ष्मी सुन्दरी कर्माचार्य मृगौला पीडित सहयोग कोषले शनिवार मृगौला पिडितलाई सहयोग हस्तान्तरण गरेको छ।

कास्कीको सार्दीखोला बस्ने ४९ बर्षिय मृगौला पिडित बुद्धीशोभा गुरुङलाई १ लाख रुपैंया हस्तान्तरण गरिएको हो । कर्माचार्य परिवारले ३० लाख रुपैंयाको कोष स्थापना गरि सो सहयोग रकम हस्तान्तरण गर्दै आएको छ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका मेयर धनराज आचार्यले मृगौला रोगबाट पिडित हुने परिवारलाई सो सहयोगले हौसला प्रदान गर्नुका साथै समाजलाई समेत मार्गनिर्देश गर्न प्रेरणा मिलेको बताउनुभयो । मेयर आचार्यले गतबर्ष आफै अग्नी दुर्घटना परेको स्मरण गर्नुहुदै पोखरामा जलन अस्पताल यसै हप्ताबाट सुरु हुन लागेको जानकारी दिनुभयो । स्याङ्जा भिरकोट नगरपालिकाका प्रमुख गोविन्द कर्माचार्यले मृगौला रोगी बिरामीको संख्या बढ्दै जादा पालिका अस्पतालमा डायलासिस मेसिनको आवश्यकता महसुस भएको बताउनुभयो ।

मणिपाल अस्पतालका न्युरोसर्जन डा.बालगोपाल कर्माचार्यले नसर्ने रोगबाट मर्नेको संख्या बद्दै गएकाले नियमित रुपमा स्वास्थ्य जाँच गर्न आग्रह गर्नुभयो । उद्योगपति चन्द्रकृष्ण कर्माचार्यले लेख्नुभएको संसार आफ्नै एक उद्यमीले बाचेको समय नामक पुस्तकको नगरप्रमुख आचार्य लगायतले लोकार्पण गर्नुभएको थियो । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष चतुराखर अधिकारीले पुस्तकको समिक्षा गर्दै पुस्तकले उद्योग व्यवसायी क्षेत्रमा लाग्न प्रेरणादयी भुमिका दिनुको साथै समाज प्रतिको जिम्मेवारी र पारिवारीक एकताका बारेमा सचित्रण गरेको बताउनुभयो। सो अवसरमा बोल्नुहुदै उद्योगपति एवं स्व.लक्ष्मी सुन्दरी कर्माचार्यका पति कर्माचार्यले आफ्नो सफलताको श्रेय स्व.श्रीमतीलाई दिनुहुदै पुस्तकको बारेमा भनाई राख्नुभएको थियो ।

स्व. लक्ष्मी सुन्दरी कर्माचार्यका छोरी रेखा कर्माचार्यले हरेक बर्ष एकजना बिरामीलाई आर्थिक सहयोग गर्ने प्रतिबद्दता जिवन्त रहने बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रिय अध्यक्ष आनन्दराज मुल्मीले राज्यले जनताको स्वास्थ्य प्रतिको जिम्मेवारी लिनुपर्ने बताउदै नसर्ने रोगको जनचेतना फैलाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कर्माचार्य समाज कास्कीको पाँचौ स्थापना दिवस समारोहमा सम्पन्न सो कार्यक्रममा केन्द्रिय अध्यक्ष चन्द्रेश्वर कर्माचार्य, मृगौला पिडित छनोट समितिका सदस्य कल्याण कर्माचार्य, ईश्वर कर्माचार्य, पोखरा ११ का वडाअध्यक्ष प्रेम कर्माचार्य, लगायतका वक्ताहरुले रोग लाग्नुभन्दा पनि रोग नै लाग्न नदिनु उचित हुने बताउनुभयो ।

# सिलिङ्गे कृषि सहकारीमा कृषकलाई सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



पोखरा महानगर पालिका बडा नं. २६ बुढिवजारमा रहेको श्री सिलिङ्गे कृषी उत्पादक सहकारीले आफ्ना शेयर सदस्यलाई कृषी सामाग्री वितरण गरेको छ।

सहकारीको आफ्नो १८ औं स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा सहकारीमा आवद्ध शेयर सदस्यहरुलाई ५०प्रतिशत अनुदानमा कृषी सामाग्री बितरण गरेको हो । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं २६ का वडा अध्यक्ष नरेन्द्र थापा नरेनले सहकारीले गरेको शुभ कार्य को प्रशंशा गरे पोखरा २६ मा एक अब्बल सहकारी रहेको छ, जसले आफ्ना शेयर सदस्यलाई जिविको पार्जनमा कृषी सामाग्री अनुदानमा प्रदान गरेर राहत दिलाएको छ, सहकारीको सिद्धान्त अनुरूप एक आपसमा सहकार्य गर्न उसको कर्तब्य हुन्छ , जबनी कृषको आय आर्जनमा वृद्धी हुन्छ।

त्यसैगरी कार्यक्रममा विशिष्ट अतिथिको रुपमा वोल्दै साविक लेखनाथ नगर पालिकाका मेयर शालिकराम पौडेल ले सहकारीले गरेका कामको प्रशंसा गर्दै समुदायमा मानिसको जीविको पार्जनमा कृषि सहकारीको महत्व पूर्ण भूमिका रहन्छ उनले वताए । सहकारीका अध्यक्ष ठाकुर प्रसाद रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष देवेन्द्र रानाभाट, पूर्व अध्यक्ष तथा लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मा, पूर्व अध्यक्ष शैलेन्द मोहन भट्टराई , सल्लाहकारहर चन्द्र बहादुर रानाभाट, इश्वरीप्रसाद अधिकारी, पूर्व उपाध्यक्ष श्यामा भट्टराई , गोमा पतानि बन्जरा ,विकास रानाभाट लगाएतले सहकारीको भूमिकामा धारणा राखेका थिए । सहकारीले तीन सय शेयर सदस्य लाई कृषि बिकास कार्यालय को सहयोगमा मनकामना मकै र अरुण जातको मकै तथा सहकारीको आफ्नै अनुदानमा कृषकलाई करीब ३ लाख वरावरको सामाग्री, औजार, साथै विउ विजन वितरण गरेको कृषी प्रर्वद्धन उपसमिती संयोजक उपेन्द्र वन्जराले जानकरी दिए । यसैगरी सहकारीले आफ्नो स्थापनाको अवसरमा वडा मित्रका ३ वटा धार्मिक मठ मन्दिरलाई ५००० हजारको दरले सहयोग गरेको छ। भने सहकारीको सचिव मिरा सिग्देलले सन्चालन गरेको कार्यक्रममा उपाध्यक्ष चिनिया थापाले धन्यवाद ज्ञापन गरेका थिए।

# प्रथम पृथ्वीनारायण गोल्ड कपको उपाधि नेपाल पुलिस क्लबलाई

**पोखरापत्र संवाददाता**
गोरखा, २ फागुन



प्रथम पृथ्वीनारायण गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि नेपाल पुलिस फुटबल क्लबले जितेको छ।

जिल्ला खेलकुद विकास समिति गोरखाको आयोजनामा माघ २४ गतेदेखि सुरु भएको प्रतियोगिताअन्तर्गत आज भएको फाइनल खेलमा चित्लाङ एफसीलाई १–० ले हराउँदै पुलिस क्लबले उपाधि जितेको हो । विजेता पुलिस क्लबले रु आठ लाख नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता चित्लाङ एफसीले नगद रु चार लाख पुरस्कार प्राप्त गरेको आयोजकले जनाएको छ।

गोरखा नगरपालिका-१० छेवेटारस्थित खेलमैदानमा भएको प्रतियोगितामा 'ए' डिभिजनका सातवटा क्लब र आयोजक टोली गरी आठ टोलीबीच प्रतिस्पर्धा भएको थियो । सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लब, नेपाल पुलिस क्लब, सातदोबाटो युवा क्लब, श्री भगवती क्लब, सङ्कटा एफसी, प्लानिङ ब्वाइज युनाइटेड, चित्लाङ एफसीलगायतले प्रतियोगितामा सहभागिता जनाएको आयोजकको भनाइ छ । यहाँ हालसम्मको ठूलो राशि मानिएको प्रतियोगिता व्यवस्थापनमा करिब रु ८२ लाख खर्च भएको आयोजक खेलकुद विकास समितिका अध्यक्ष प्रेमबहादुर तामाङले जानकारी दिनुभयो । प्रतियोगितामार्फत जिल्लाको खेल क्षेत्रको विकाससँगै पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य रहेको र यसलाई आगामी दिनमा पनि निरन्तरता दिइने उहाँले बताउनुभयो । गोल्डकपलाई मध्यनजर गरेर गोरखा नगरपालिका वडा नं १० ले छेवेटारमा खाना महोत्सवसमेत आयोजना गरेको थियो ।

गोल्डकप अवधिभर स्थानीय खानाका परिकारसहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिएको वडाअध्यक्ष कुँवरले बताउनुभयो ।

# मनाङमा पर्यटन, पूर्वाधार विकास र जलवायु परिवर्तन मुख्य एजेण्डा

**रासस**
मनाङ, २ फागुन

प्रतिनिधिसभा निर्वाचनको मतदान गर्न १९ दिन बाँकी छ। निर्वाचन नजिकिँदै गर्दा चुनावी प्रचारप्रसारलाई उम्मेदवारले तीव्र पार्न थालेका छन्। उम्मेदवार आ–आफ्ना एजेण्डासहित मतदातासामु मत आफ्नो पक्षमा पार्ने कसरतमा हुनुहुन्छ।

निर्वाचनमा यहाँ तीन दलको प्रतिस्पर्धा हुने भएको छ। नेपाली काङ्ग्रेस (नेका), नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र मङ्गोल नेशनल अर्गनाइजेसनबीच प्रतिस्पर्धा हुने भएको छ। यी प्रतिस्पर्धी दलले मुख्य एजेण्डा मनाङको पर्यटन क्षेत्र, पूर्वाधार विकास र जलवायु परिवर्तन अघि सारेका छन्।

मुख्य त मनाङको पर्यटन क्षेत्र आयस्रोत हो भने पूर्वाधार विकास बिना असम्भव रहेकाले सहज पहुँचको विकासलाई प्राथमिकता दिएको नेपाली काङ्ग्रेस प्रतिनिधिसभा सदस्य उम्मेदवार टेकबहादुर गुरुङ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "मनाङ विकट क्षेत्र हो। यहाँको पूर्वाधार विकासका लागि स्थलमार्गको पहुँच महत्वपूर्ण हुन्छ। अहिलेसम्म पनि सहज बनाउन सकिएको छैन। त्यसैले यही विषयलाई प्राथमिकता दिएको छु।" मुख्य आयस्रोतको रूपमा रहेको पर्यटन व्यवसायको प्रवर्द्धन र पर्यटक आउने पहुँचमार्ग सहज बनाउनु आवश्यक रहेको उहाँ बताउनुहुन्छ। "देशैभरमा सबैभन्दा पछि सडक पहुँच पुगे जिल्लामा मनाङ पर्छ तर, हालसम्म पनि नार्पाभूमि स्थलमार्गको पहुँचमा छैन", उम्मेदवार गुरुङ भन्नुहुन्छ, "यस क्षेत्रलाई सडक सञ्जालले जोड्न सकिएमा अझ पर्यटक बढ्छ। यसले मनाङको आयस्रोत नै बढ्ने हो।" यहाँको साहसिक, ऐतिहासिक, धार्मिक क्षेत्रलाई पर्यटनसँग जोडेर आयस्तर बढाउने लक्ष्य लिइएको छ। देशकै आयस्तर वृद्धि गर्नमा महत्वपूर्ण रहेको मनाङमा जलविद्युत् आयोजनाको हब बनाउने योजना बनाएको उम्मेदवार गुरुङ बताउनुहुन्छ। यहाँको तालतलैयामध्ये तिलिचोताललाई धार्मिक पर्यटनसँग जोड्नुपर्ने स्थान हो। तर, विश्वको पर्यटकलाई तानेपनि अझै धार्मिक पर्यटनका रूपमा प्रवर्द्धन गर्ने योजना बनाएको उहाँ बताउनुहुन्छ। हिमाली क्षेत्रमा बढी जलवायु परिवर्तनको प्रभाव पर्ने भएकाले समाधान गर्ने एजेण्डा अघि बढाएको उहाँको भनाइ छ। "यसको असरको समाधानका लागि स्थानीयलाई सचेत गराउदै संसदबाट उजगार गर्न आवश्यक छ", उहाँ भन्नुहुन्छ, "यहाँको प्राकृतिक सौन्दर्यतालाई यसको असरबाट जोगाउने लक्ष्यका साथ एजेण्डा निर्धारण गरिएको हो।"

त्यस्तै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार यशोदा सुवेदी गुरुङ पर्यटन मनाङको मुख्य आयस्तर हो यसको प्रवर्द्धन गर्ने बताउनुहुन्छ। "प्रकृति, संस्कृति र साहसिक पर्यटनको विश्वस्तरको पहिचान हो", उहाँ भन्नुहुन्छ, "पर्यटन समृद्धिको मेरुदण्ड हो। यसको संरक्षण र वैकल्पिक पदमार्ग निर्माण गर्ने लक्ष्य रहेको छ।" सडक विस्तारका कारण विश्वको जोखिमयुक्त अन्नपूर्ण पदमार्ग प्रभावित भएकाले वैकल्पिक पदमार्ग निर्माणलाई प्राथमिकतामा राखिएको उम्मेदवार गुरुङ बताउनुहुन्छ। "यहाँको तिलिचो ताल, आइसलेकलगायतका तालतलैयाको प्रवर्द्धन, थोराङ्ला पास, लार्केपास, काङ्ला पासलाई प्रमुख पर्यटनको क्षेत्रका रूपमा प्रवर्द्धन गर्ने लक्ष्य छ", उहाँ भन्नुहुन्छ, "यसले नै मनाङ समृद्ध बन्छ।" यस निर्वाचनमा मनाङमा पुराना दलबीच नै प्रतिस्पर्धा हुने भएको छ। मनाङमा नेपाली काङ्ग्रेस र नेकपाबीच नै मुख्य प्रतिस्पर्धा हुने भएको छ। प्रतिनिधिसभा निर्वाचन २०७९ मा कूल मत ६ हजार ७७९ मतदाता रहेकामा चार हजार ८२७ मत खसेको थियो। काङ्ग्रेसका टेकबहादुरले दुई हजार ५७५ मत ल्याउनुभएको थियो। एमालेका पोल्देन छोपाङ गुरुङले दुई हजार २४७ मत ल्याउनुभएको थियो। समानुपातिकतर्फ काङ्ग्रेसले दुई हजार ४३०, एमालेले दुई हजार १९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १४६, नेकपा माओवादीले १३३, जसपाले आठ र जनमोर्चाले दुई मत प्राप्त गरेको थियो। मनाङमा यसपाली महिला तीन हजार ६२३ र पुरुष तीन हजार ३७७ गरी कूल सात हजार मतदाता छन्। उनीहरूले २९ मतदान केन्द्रमार्फत मतदान गर्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। गत निर्वाचनमा भएको प्रतिस्पर्धाभन्दा यस पटकको निर्वाचन भिन्न देखिएको छ। नेकपा एमाले र राप्रपाले काङ्ग्रेसलाई समर्थन गरेको छ। मुख्य प्रतिस्पर्धीको रूपमा यस पटकको निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी रहेको छ।

# पोखरामा खुल्यो पाइलट ब्रान्ड पेनको आउटलेट

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

फेयर ट्रेड कर्पोरेसनले पोखरामा पाइलट ब्रान्डको पेनको आउटलेट सञ्चालनमा ल्याएको छ। पोखरा महानगरपालिका वडा नम्बर ३, नदीपुरस्थित कोट्यार्ड भवनमा (मीनमार्ट रहेको भवन) आउटलेट सञ्चालनमा ल्याएको हो।



शनिबार आयोजित एक समारोहमा उक्त शोरूमको कम्पनीका तर्फबाट जापानी नागरिक मसो नाका र टामायुकी कावानाले संयुक्त उद्घाटन गरे। सो अवसरमा हाँस्य कलाकार सन्दीप क्षेत्रीको पनि उपस्थिति थियो।

कम्पनीले ४२ वर्ष पहिलेदेखि नेपालमा पाइलट पेनको बिक्री वितरण गर्दै आएको छ। कम्पनी निर्देशक मीन अग्रवाल आफूकहाँ १० देखि एक लाख रूपैयाँसम्मका मूल्य बराबरका पेन रहेको बताउँछिन्। उनका अनुसार पाइलट ब्रान्डका बल पेन, जेल पेन र फाउन्टेन पेन, हाइलाइटर, मार्कर, पेन्सिल, इरेजरसहित लेखेर मेट्ने पेनहरू पनि उपलब्ध छन्। प्रोडक्टमा १० प्रतिशत डिस्काउन्ट र विद्यार्थीहरूका लागि एक वर्षसम्म ५ प्रतिशत विशेष छुट दिइने व्यवस्था गरिएको छ।

काठमाडौंको न्यूरोड र कमलादीमा शाखा सञ्चालित रहेकोमा छिट्टै विराटनगरमा समेत सञ्चालन गर्ने तयारी रहेको उनले जानकारी दिइन्। यसका डिलर भने धेरैवटा छन्। पाइलट पेनलाई अरू पेनको तुलनामा उत्कृष्ट मानिन्छ।

# मादी गाउँपालिकामा पार्टीभन्दा विकासको आवश्यकता : ने.का. उमेदवार तिलक रानाभाट

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



नेपाली काङ्ग्रेस क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य तिलक रानाभाटले मादी गाउँपालिकामा पार्टीगत स्वार्थभन्दा विकासको आवश्यकता बढी रहेको बताएका छन्।

घरदैलो कार्यक्रम तथा कार्यकर्ता भेटघाटका क्रममा उनले आफू "मादी पुत्र"का रूपमा क्षेत्रको समग्र विकासका लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै स्थानीय स्रोत–साधनको अधिकतम उपयोगमार्फत आत्मनिर्भर गाउँ निर्माण गर्नुपर्नेमा जोड दिए। रानाभाटले आज विभिन्न वडाका घरदैलो कार्यक्रमलाईलाई सम्बोधन गर्दै कृषकलाई केन्द्रमा राखेर आयआर्जन अभिवृद्धि गर्ने योजनालाई प्राथमिकतामा राखेको बताए। उनका अनुसार सडक पहुँच विस्तार, कृषि आधुनिकीकरण, बाख्रापालन, माहुरीपालन तथा जडीबुटी उत्पादनमार्फत ग्रामीण अर्थतन्त्र सुदृढ गर्न सकिनेछ। "गाउँको विकास बिना देशको विकास सम्भव छैन," उनले भने, "स्थानीय अधिकार र प्राकृतिक स्रोतको उपयोग स्थानीयकै हितमा हुनुपर्छ।" उनले महिला अधिकार, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा विस्तार, व्यावसायिक शिक्षा र व्यवसायमुखी कृषिलाई क्षेत्रीय विकासका आधार स्तम्भका रूपमा अघि सारे। कार्यक्रममा बोल्दै पूर्व सांसद एवं कानुन मन्त्री यज्ञ बहादुर थापाले समय र परिवेशअनुसार राजनीतिक सोच र कार्यशैली परिवर्तन हुनुपर्ने धारणा राखे। उनले नेपाल गाउँ–गाउँ मिलेर बनेको देश भएकाले ग्रामीण क्षेत्रको जीवनस्तर उकासिनसकेसम्म समग्र राष्ट्रिय विकास सम्भव नहुने बताए। विगतका राजनीतिक उतारचढाव र निर्वाचन प्रक्रियाबाट प्राप्त जनादेशलाई सम्मान गर्दै अब विकासमुखी राजनीतिक अभ्यास आवश्यक रहेको उनको भनाइ थियो।

त्यसैगरी ने.का मादि १० का वडा सभापति ऋषिराम सुवेदीले मादी क्षेत्रका दीर्घकालीन समस्या समाधानका लागि सक्षम र प्रतिबद्ध नेतृत्व आवश्यक रहेको बताए। उनले मकैखोला, थुम्सीकोट र भगवतीटार लगायतका बस्तीमा आधारभूत पूर्वाधार, ज्ञान–सीप विकास र रोजगारी सृजनामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरे। नयाँ नेतृत्वले काम, सिद्धान्त र विचारका आधारमा परिवर्तन ल्याउने विश्वास व्यक्त गर्दै उनले मतदातासँग समर्थनको आग्रह गरे। स्थानीय प्रतिनिधि तथा सरोकारवालाले पनि कार्यक्रममा आफ्ना समस्या र अपेक्षा प्रस्तुत गरेका थिए। जनकल्याण आमा समूहकी अध्यक्ष विष्णु सुवेदीले बसाइँसराइ नियन्त्रण, सडक स्तरोन्नति र सिँचाइ व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने बताइन्। राधिका रानाभाटले लोकमार्ग निर्माण, महिला आयआर्जनका अवसर विस्तार र स्थानीय उद्यम प्रवर्द्धनका विषय उठाइन्। कार्यक्रममा वडा नं. १० का वडा सदस्य कृष्णबहादुर गुरुङ, इकाइ सभापति लोकप्रसाद गुरुङ, विभिन्न भ्रातृ संगठनका प्रतिनिधि, आमा समूहका सदस्य, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो। थुम्सीकोट, मकैखोला, भगवतीटार लगायतका बस्तीमा घरदैलो अभियान सञ्चालन गरिएको र मादी–८, ९, १० र ११ नम्बर वडामा समेत अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रमको सञ्चालन मादी वडा नं. १० का सचिव महेन्द्र गौतमले गरेका थिए। नेताहरूले विकास, सुशासन र समावेशी सहभागितामार्फत मादीलाई उदाहरणीय गाउँ बनाउने प्रतिबद्धता व्यक्त गर्दै स्थानीय तहको सशक्तीकरण र जनसहभागितामूलक विकास नै दिगो समृद्धिको आधार हुनेमा जोड दिदै यस क्षेत्रका धर्ति पुत्र तिलक रानाभाटलाई आगामी फाल्गुण २१ हुने सघिय निर्वाचनमा विजय गराउन आग्रह गरेका थिए।

# मतदाताका प्राथमिकतामा सडक निर्माण र वन्यजन्तु नियन्त्रण

**पोखरापत्र संवाददाता**
बागलुङ, २ फागुन



सालभञ्ज्याङ–ढोरपाटन सडक स्तरोन्नति नभएको लामो समय भयो। स्तरोन्नति नहुँदा यहाँका स्थानीयले लामो समयदेखि सास्ती बेहोर्दै आएका छन्।

यसका लागि यहाँका स्थानीयको अर्को समस्या हो, वन्यजन्तु। बँदेल र बाँदरलगायतका वन्यजन्तुका कारण स्थानीय हैरान छन्। जंगलबाट आएर बालीनाली नष्ट गरिदिने भएकाले उनीहरु यो समस्या चाँडो समाधान होस् भन्ने चाहेका छन्। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्दै घरदैलो पुग्दै गरेका उम्मेदवारसँग बागलुङ–२ का मतदाताले यिनै समस्या सुनाउने गरेका छन्। ढोरपाटन नगरपालिका–९ का थुमकला विकले बुर्तिबाङ बजारदेखि ढोरपाटन उपत्यका जोड्ने सडक एक दशक अगाडि निर्माण भए पनि अहिलेसम्म स्तरोन्नति नहुँदा समस्या भोग्नु परेको बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँमा सडक बनेपछि सुविधा होला भन्ने सोचेका थियौँ। तर सुविधाभन्दा बढी सास्ती भएको छ। चुनाव आउँदा यो सडक हामी बनाउँछौँ भोट दिनुभन्दा आउँछन्। भोट दिएर जितेपछि कोही पनि गाउँ फर्किएर आउँदैनन्। यो सडकले हामीलाई कति दुःख दिएको छ। यसको समाधान गर्न सक्ने नेतालाई यसपालीको चुनावमा भोट दिन्छौँ।" स्थानीय तुलबहादुर घर्ती मगरले घरै नजिकको जङ्गलबाट दैनिक बाँदर, चितुवा र बँदेल आएर बालीनालीको क्षति गरि दिने र मान्छेलाई आक्रमण गर्ने गरेको गुनासो गर्नुभयो। वन्यजन्तुबाट समस्यामा पर्दै आएका स्थानीयको समस्या बुझ्ने उम्मेदवारलाई गाउँका स्थानीयले एकै ठाउँमा भोट दिने सल्लाह गरेको सुनाउनुभयो।

"बिहान बेलुका बाँदर, बँदेल ढपाउँदैमा दिन जान्छ। बारीमा लगाएको तरकारी, बालीनाली केही बाँकी राख्दैन। आइमाइ केटाकेटी एक्लै वरपर गर्न पनि गाह्रो हुन्छ", उहाँले भन्नुभयो - "चुनावका बेला हामीलाई भोट दिनु समस्या समाधान गर्छौं भन्ने धेरै नेता आए। तर चुनाव जितेर कहाँ गए गए ?"

निसीखोला गाउँपालिका–५ कुँडेका गङ्गाबहादुर विकले सडक व्यवस्थित नहुँदा यात्रा र सामान ढुवानी गर्न निकै कठिन हुने बताउनुभयो। अप्ट्यारो र साँघुरो सडकका कारण बजारबाट दैनिक उपभोग्य सामान ढुवानी गर्दा महङ्गो भाडा तिर्न बाध्य भएको उहाँको भनाइ छ। यसपाली बुर्तिबाङ–ढोरपाटन र ढोरपाटन–निसेलढोर सडक स्तरोन्नतिका लागि पहल गर्ने उम्मेदवारलाई भोट दिने उहाँले सुनाउनुभयो।

# नीतिगत सुधार गर्न भरतराज चुनावी मैदानमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ फागुन



मुक्तिनाथ कृषि कम्पनीका संस्थापक अध्यक्ष भरतराज ढकालले कृषिमा मूल्य श्रृंखला, कृषि क्षेत्रको संस्थागत विकास र रोजगारी सृजनामा नीतिगत सुधार ल्याउन आफू चुनावी मैदानमा आएको बताएका छन्।

स्याङ्जा सदरमुकाममा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै ढकालले कुल जनसंख्याको ठूलो हिस्सा अर्थात झण्डै ७० प्रतिशत नागरिक कृषि क्षेत्रमा आबद्ध हुँदा समेत कृषिमा मूल्य श्रृंखला कायम हुन नसकेको बताउँदै नीतिगत सुधारबाट मात्रै मूल्य श्रृंखला स्थापना गर्न सकिने संकल्प सहित आफू राजनीतिसँगै चुनावी मैदानमा आएको बताए।

लामो समयदेखि कृषि कम्पनी मार्फत मूल्य श्रृंखलामा काम गरेको अनुभव सुनाउँदै प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट स्याङ्जा क्षेत्र नं.-१ मा उम्मेदवार बनेका ढकालले कृषिमा मूल्य श्रृंखला कायम गर्दै कृषि क्षेत्रको संस्थागत विकास र रोजगारी सृजना गर्न नीतिगत सुधार आवश्यक देखिएपछि चुनावी मैदान स्वीकार गरेको सुनाए। 'बैंकिङ् क्षेत्रमा हासिल गरेको अनुभव र कृषिमा अवसर सृजना गर्न सकिने विश्वास लिएर चुनावमा आएको छु।' उनले भने, मानिसले दैनिक रुपमा उपभोग गर्ने खाद्य वस्तुको श्रोत कृषिलाई मूल्य श्रृंखलामा जोड्न सके उत्पादन वृद्धिसँगै लाखौंको संख्यालाई रोजगारी दिलाउन सकिन्छ। 'बैंक र कृषि क्षेत्रमा लामो समय काम गरियो, एक किसिमको सिकाइ र अनुभव पनि भयो।' अर्थविज्ञ ढकालले भने, 'कृषिमा काम गर्दा सरकारले गर्नुपर्ने नीतिगत सुधारका अजेण्डा हामीले तयार गरेका छौं।' त्यहि नीतिगत सुधारका अजेण्डाहरु संसदबाट पारित भएमात्रै कृषि क्षेत्रमा ठूलो परिवर्तन ल्याउन सकिने उनले बताए। कृषिमा आउने परिवर्तनले आर्थिक सुधारसँगै परिवारलाई एकसाथ बस्ने समाज बनाउन सकिने उनको भनाई थियो। पछिल्लो समय गाउँतिर विकास र मानिस बजारतिर झर्दै गएको अवस्थामा कृषि क्षेत्रको समयानुकूल विकास गर्न सके युवा गाउँ फर्किने वातावरण बन्दै जाने दाबी गरेका ढकालले रोजगारीको खोजिमा बिदेश जाने युवाहरुलाई देशमै बस्ने आधार बनाउन कृषिमा नीतिगत सुधारसँगै आयमुलक समाज बनाउनुपर्नेमा जोड दिए।

# तनहुँद्वारा अस्थायी मतदाता नामावली स्वीकृत

**पोखरापत्र संवाददाता**
तनहुँ, २ फागुन

जिल्ला निर्वाचन कार्यालय तनहुँले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अस्थायी मतदाताको नामावली स्वीकृत गरेको छ। कार्यालयले एक हजार ६९८ जना अस्थायी मतदाताको नामावली स्वीकृत गरेको हो।

जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले कारागारमा रहेका कैदीबन्दी, सङ्घ र प्रदेश सरकार मातहतका कर्मचारी, सुरक्षाकर्मी अस्थायी मतदाताको रूपमा रहेको जानकारी दिनुभयो। अस्थायी मतदातालाई छुट्टै मतदान केन्द्रको व्यवस्था गरिनेछ। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को प्रयोजनका लागि अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२ को दफा ९ उपदफा (१) बमोजिमका निकाय वा संस्थाबाट प्राप्त सोही कार्यविधिको दफा १० बमोजिम नाम समावेश गर्न, त्रुटी सच्याउन तथा दाबी विरोधका लागि निवेदन पेस भए अनुसार जाँचबुझ गरी सोही कार्यविधिको दफा ११ बमोजिम अस्थायी मतदाता स्वीकृत गरिएको लम्सालले बताउनुभयो।

निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन्। त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख २३ हजार ४९१ र महिलाको सङ्ख्या एक लाख ३० हजार ९०६ जना रहेको छ। दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन्। क्षेत्र नं १ मा पुरुषको सङ्ख्या ६१ हजार ७७८ र महिलाको सङ्ख्या ६५ हजार १०४ रहेको छ।

क्षेत्र नं २ मा पुरुषको सङ्ख्या ६१ हजार ७१३ र महिलाको सङ्ख्या ६५ हजार ८०२ रहेको छ। क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ। क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको वडा नं ५ र ६ पर्दछ।